नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

(आर्थिक वर्ष २०८१/८२ को वार्षिक तथ्याङ्क (२०८२ असार) मा आधारित)

प्रमुख झलक

- *आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्ष आर्थिक वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो।*
- *वार्षिक औसत मुद्रास्फीति ४.०६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष वार्षिक औसत मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो।*
- *शोधनान्तर स्थिति रु.५९४ अर्ब ५४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.५०२ अर्ब ४९ करोडले बचतमा रहेको थियो।*
- *आयात १३.३ प्रतिशतले र निर्यात ८१.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष आयात १.२ प्रतिशतले र निर्यात ३.० प्रतिशतले घटेको थियो।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १९.२ प्रतिशतले र अमेरिकी डलरमा १६.३ प्रतिशतले बढेको छ। २०८२ असार महिनाको विप्रेषण आप्रवाह रु.१८९ अर्ब ११ करोड रहेको छ।*
- *कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा १९ अर्ब ५० करोड पुगेको छ। उक्त सञ्चिति १५.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।*
- *विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्राप्रदाय १२.९ प्रतिशतले बढेको थियो।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १२.६ प्रतिशतले वृद्धि भई रु.७२ खर्ब ६४ अर्ब पुगेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा ८.४ प्रतिशतले वृद्धि भई रु.५४ खर्ब ९८ अर्ब पुगेको छ।*

वास्तविक क्षेत्र

१. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धि ४.६१ प्रतिशत रहेको अनुमान छ। कृषि क्षेत्रको वृद्धि ३.२८ प्रतिशत, उद्योग क्षेत्रको ४.५३ प्रतिशत र सेवा क्षेत्रको वृद्धि ४.२१ प्रतिशत रहेको अनुमान छ।

२. आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमश: २५.१६ प्रतिशत, १२.८३ प्रतिशत र ६२.०१ प्रतिशत रहेको छ (तालिका १)।

तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)

क्षेत्र	२०७९/८०	२०८०/८१ सं	२०८१/८२ प्रा.
कृषि*	२४.०३	२४.७१	२५.१६
उद्योग	१३.५१	१२.९१	१२.८३
सेवा	६२.४७	६२.३८	६२.०१
यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर			
आर्थिक वृद्धिदर	**१.९८**	**३.६७**	**४.६१**
कृषि*	३.०२	३.३५	३.२८
उद्योग	१.२९	०.११	४.५३
सेवा	२.१९	४.३५	४.२१

*कृषि, वन तथा मत्स्यपालन
प्रा. प्रारम्भिक अनुमान
सं. संशोधित अनुमान
स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

३. आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.५५ प्रतिशत रहेको छ। कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमश: २४.०७ प्रतिशत र ३६.२४ प्रतिशत रहेको छ।

४. आर्थिक वर्ष २०८१/८२ मा कुल विद्युत्को जडित क्षमता वृद्धि भई ३,५९१ मेगावाट पुगेको छ। जडित क्षमतामध्ये जलविद्युत् ३,३९०.० मेगावाट रहेको छ।

५. आर्थिक वर्ष २०८१/८२ मा कुल पर्यटक आगमन १.७ प्रतिशतले वृद्धि भई ११,४७,८३४ पुगेको छ।

मुद्रास्फीति

उपभोक्ता मुद्रास्फीति

६. आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो।

७. २०८२ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.२० प्रतिशत रहेको छ। २०८१ असार महिनामा यस्तो मुद्रास्फीति ३.५७ प्रतिशत रहेको थियो।

८. अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८१/८२ मा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उप-समूहको मूल्यवृद्धि १०.७१ प्रतिशत, घ्यू तथा तेलको ८.७२ प्रतिशत, दाल तथा गेडागुडीको ७.९० प्रतिशत र खाद्य तथा खाद्यजन्य पदार्थको ६.१३ प्रतिशत रहेको छ। मरमसला उप-समूहको मूल्य सूचकाङ्क २.६२ प्रतिशत र माछा तथा मासुको ०.३४ प्रतिशतले घटेको छ।

चार्ट १: वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति



९. गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरू उप-समूहको मूल्यवृद्धि ९.३९ प्रतिशत, कपडाजन्य तथा जुत्ता चप्पलको ६.०९ प्रतिशत, मदिराजन्य पेय पदार्थको ५.६५ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणहरूको ४.७८ प्रतिशत र सुर्तीजन्य पदार्थको ४.३७ प्रतिशत रहेको छ।

तालिका २: वार्षिक औसत उपभोक्ता मुद्रास्फीति

विवरण	भाराङ्क	प्रतिशत		
		२०७९/८०	२०८०/८१	२०८१/८२
समग्र मुद्रास्फीति	**१००**	**७.७४**	**५.४४**	**४.०६**
खाद्य तथा पेय पदार्थ	३५.४९	६.६२	६.४७	४.६९
गैर-खाद्य तथा सेवा	६४.५१	८.६२	४.६४	३.७१

खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति

१०. आर्थिक वर्ष २०८१/८२ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.६९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको मुद्रास्फीति ६.४७ प्रतिशत रहेको थियो।

११. २०८२ असार महिनामा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १.१९ प्रतिशतले ऋणात्मक रहेको छ। २०८१ असार महिनामा उक्त समूहको मुद्रास्फीति ४.०४ प्रतिशत रहेको थियो।

गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति

१२. आर्थिक वर्ष २०८१/८२ मा गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.७१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको मुद्रास्फीति ४.६४ प्रतिशत रहेको थियो।

१३. २०८२ असार महिनामा गैर-खाद्य तथा सेवा समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१२ प्रतिशत रहेको छ। २०८१ असार महिनामा उक्त समूहको मुद्रास्फीति ३.२६ प्रतिशत रहेको थियो।

क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

१४. आर्थिक वर्ष २०८१/८२ मा काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.७७ प्रतिशत, तराईको ४.१४ प्रतिशत, पहाडको ३.८६ प्रतिशत र हिमालको ४.८९ प्रतिशत रहेको छ।

१५. २०८२ असार महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.३२ प्रतिशत, तराईको १.८५ प्रतिशत, पहाडको २.१९ प्रतिशत र हिमालको ३.७५ प्रतिशत रहेको छ ।

ग्रामीण र सहरी उपभोक्ता मुद्रास्फीति

१६. आर्थिक वर्ष २०८१/८२ मा ग्रामीण क्षेत्रको वार्षिक औसत उपभोक्ता मूल्य सूचकाङ्क ४.४० प्रतिशत र सहरी क्षेत्रको ३.९४ प्रतिशतले बढेको छ ।

१७. २०८२ असार महिनामा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क २.४० प्रतिशतले र सहरी क्षेत्रको २.१४ प्रतिशतले बढेको छ ।

प्रदेशगत उपभोक्ता मुद्रास्फीति

१८. आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.४६ प्रतिशत, मधेश प्रदेशको ४.१४ प्रतिशत, बागमती प्रदेशको ३.५७ प्रतिशत, गण्डकी प्रदेशको ३.३२ प्रतिशत, लुम्बिनी प्रदेशको ३.७० प्रतिशत, कर्णाली प्रदेशको ३.३१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५.०२ प्रतिशत रहेको छ ।

१९. २०८२ असार महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.६७ प्रतिशत, मधेश प्रदेशको १.९९ प्रतिशत, बागमती प्रदेशको १.८१ प्रतिशत, गण्डकी प्रदेशको १.७१ प्रतिशत, लुम्बिनी प्रदेशको १.७८ प्रतिशत, कर्णाली प्रदेशको १.८६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको २.७४ प्रतिशत रहेको छ ।

थोक मुद्रास्फीति

२०. आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत थोक मुद्रास्फीति ३.८४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ३.९२ प्रतिशत रहेको थियो ।

२१. २०८२ असार महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति १.०५ प्रतिशत रहेको छ । २०८१ असार महिनामा यस्तो मुद्रास्फीति ४.४१ प्रतिशत रहेको थियो ।

तलब तथा ज्याला सूचकाङ्क

२२. आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत तलब तथा ज्यालादर सूचकाङ्क २.८५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष यस्तो सूचकाङ्क ५.०३ प्रतिशतले वृद्धि भएको थियो ।

२३. आर्थिक वर्ष २०८१/८२ को चौथो त्रयमासमा वार्षिक विन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क २.६३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षको चौथो त्रयमासमा यस्तो सूचकाङ्क ३.५६ प्रतिशतले वृद्धि भएको थियो ।

२४. प्रदेशगत रूपमा समीक्षा अवधिमा कोशी प्रदेशको वार्षिक विन्दुगत तलब तथा ज्याला सूचकाङ्कको वृद्धि १.२३ प्रतिशत, मधेश प्रदेशको २.१४ प्रतिशत, बागमती प्रदेशको १.९८ प्रतिशत, गण्डकी प्रदेशको २.७४ प्रतिशत, लुम्बिनी प्रदेशको ३.७२ प्रतिशत, कर्णाली प्रदेशको ३.०९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ७.४४ प्रतिशत रहेको छ ।

नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

२५. २०८२ असार महिनामा नेपालको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.२० प्रतिशत रहेको छ । सन् २०२५ जुलाई महिनामा भारतको यस्तो मुद्रास्फीति १.५५ प्रतिशत रहेको छ ।

बाह्य क्षेत्र

वैदेशिक व्यापार



२६. आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु.२७७ अर्ब ३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यातमा ३.० प्रतिशतले कमी आएको थियो । गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ११७.८ प्रतिशत, १.६ प्रतिशत र ६.७ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा भटमासको तेल, पोलिस्टरको धागो, जुटका सामान, चिया, जुत्ता तथा चप्पल लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, जिङ्क सिट, जुस, अदुवा, तयारी पोसाक लगायतका वस्तुको निर्यात घटेको छ ।

२७. आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु.१८०४ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयातमा १.२ प्रतिशतले कमी आएको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.५ प्रतिशत, १४.२ प्रतिशत र ३१.७ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा भटमासको कच्चा तेल, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, चामल/धान, खाने तेल, स्पन्ज आइरन लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, हवाइजहाजका स्पेयर पार्टपुर्जा, सुन, रासायनिक मल, विद्युतीय उपकरणलगायतका वस्तुको आयात घटेको छ ।

२८. निर्याततर्फ भैरहवा, विराटनगर, वीरगञ्ज, सुख्खा बन्दरगाह, कैलाली, मेची, नेपालगञ्ज, रसुवा र त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयबाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ जलेश्वर र त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयबाहेकका प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

२९. आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु व्यापार घाटा ६.० प्रतिशतले वृद्धि भई रु.१५२७ अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटामा १.० प्रतिशतले कमी आएको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात १५.४ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ९.६ प्रतिशत रहेको थियो ।

३०. समीक्षा वर्षमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.१८१ अर्ब १५ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्ष यस्तो आयात रु.१५१ अर्ब ७६ करोड बराबरको भएको थियो ।

वैदेशिक व्यापारको संरचना

३१. बृहत् आर्थिक वर्गीकरणअनुसार समीक्षा वर्षमा भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ६७.७ प्रतिशत, ३१.४ प्रतिशत र ०.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः४२.९ प्रतिशत, ५६.४ प्रतिशत र ०.६८ प्रतिशत रहेको थियो ।

३२. समीक्षा वर्षमा भएको कुल आयातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ३९.१ प्रतिशत, ५१.७ प्रतिशत र ९.२ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यी अनुपातहरू क्रमशः ४१.५ प्रतिशत, ४८.८ प्रतिशत, ९.७ प्रतिशत रहेका थिए ।

निर्यात-आयात मूल्य सूचकाङ्क

३३. वार्षिक विन्दुगत आधारमा २०८२ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्कमा (Unit Value Index) २.३ प्रतिशतले कमी आएको छ भने आयात मूल्य सूचकाङ्कमा ०.५ प्रतिशतले वृद्धि भएको छ । २०८२ असार महिनामा व्यापारको सर्त (Terms of Trade) २.८ प्रतिशतले घटेको छ ।

सेवा

३४. आर्थिक वर्ष २०८१/८२ मा खुद सेवा आय रु.९० अर्ब ९४ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष खुद सेवा आय रु.५५ अर्ब ८६ करोडले घाटामा रहेको थियो।

३५. सेवा खाताअन्तर्गत समीक्षा वर्षमा भ्रमण आय ७.७ प्रतिशतले वृद्धि भई रु.८८ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय रु.८२ अर्ब ३३ करोड रहेको थियो।

तालिका ३: शोधनान्तरसम्बन्धी केही परिसूचकहरू

विवरण	रकम (रु.अर्बमा)		प्रतिशत परिवर्तन	
	२०८०/८१सं	२०८१/८२अ	२०८०/८१सं	२०८१/८२अ
भ्रमण आय	८२.३३	८८.६६	३२.१	७.७
भ्रमण व्यय	१८९.४३	२२३.७२	३१.१	१८.१
विप्रेषण आप्रवाह	१४४५.३२	१७२३.२७	१६.५	१९.२
प्रत्यक्ष लगानी आप्रवाह (इक्विटी मात्र)	८.४७	१२.०२	६.२	४१.८

सं-संशोधित अ-अनुमानित

३६. समीक्षा वर्षमा सेवा खाताअन्तर्गत भ्रमण व्यय १८.१ प्रतिशतले वृद्धि भई रु.२२३ अर्ब ७२ करोड पुगेको छ। यसमध्ये शिक्षातर्फको व्यय रु.१३८ अर्ब ४८ करोड रहेको छ। अघिल्लो वर्ष भ्रमण व्यय रु.१८९ अर्ब ४३ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.१२५ अर्ब १३ करोड रहेको थियो।

विप्रेषण आप्रवाह

३७. आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण आप्रवाह १९.२ प्रतिशतले वृद्धि भई रु.१७२३ अर्ब २७ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह १६.५ प्रतिशतले बढेको थियो। २०८२ असार महिनाको विप्रेषण आप्रवाह रु.१८९ अर्ब ११ करोड रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो आप्रवाह रु.११७ अर्ब ७८ करोड रहेको थियो।

३८. समीक्षा वर्षमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १६.३ प्रतिशतले वृद्धि भई १२ अर्ब ६४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १४.५ प्रतिशतले बढेको थियो।

३९. समीक्षा वर्षमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु.१८७४ अर्ब ३० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय रु.१५७१ अर्ब २४ करोड रहेको थियो।

४०. समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ५,०५,९५७ र पुन: श्रम स्वीकृति लिनेको सङ्ख्या ३,३३,३०९ रहेको छ। अघिल्लो वर्ष यस्तो सङ्ख्या क्रमश: ४,६०,१०२ र २,८१,१९५ रहेको थियो।

चालु खाता एवम् शोधनान्तर स्थिति

४१. आर्थिक वर्ष २०८१/८२ मा चालु खाता रु.४०९ अर्ब २० करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.२२१ अर्ब ७१ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षमा १ अर्ब ६७ करोडले बचतमा रहेको चालु खाता समीक्षा वर्षमा ३ अर्ब १ करोडले बचतमा रहेको छ।

४२. समीक्षा वर्षमा खुद पुँजीगत ट्रान्सफर रु.९ अर्ब ८४ करोड रहेको छ। अघिल्लो वर्षमा यस्तो ट्रान्सफर रु.५ अर्ब ८१ करोड रहेको थियो। यसैगरी, समीक्षा वर्षमा प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु.१२ अर्ब २ करोड भित्रिएको छ। अघिल्लो वर्ष यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु.८ अर्ब ४७ करोड रहेको थियो।

४३. समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.५९४ अर्ब ५४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.५०२ अर्ब ४९ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ३ अर्ब ७७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा ४ अर्ब ३७ करोडले बचतमा रहेको छ।

कुल विदेशी विनिमय सञ्चिति

४४. २०८१ असार मसान्तमा रु.२०४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३१.२ प्रतिशतले वृद्धि भई २०८२ असार मसान्तमा रु.२६७७ अर्ब ६८ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८२ असार मसान्तमा २७.७ प्रतिशतले वृद्धि भई १९ अर्ब ५० करोड पुगेको छ ।



४५. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा रु.१८४८ अर्ब ५५ करोड रहेकोमा २०८२ असार मसान्तमा ३०.६ प्रतिशतले वृद्धि भई रु.२४१४ अर्ब ६४ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तमा रु.१९२ अर्ब ५५ करोड रहेकोमा २०८२ असार मसान्तमा ३६.६ प्रतिशतले वद्धि भई रु.२६३ अर्ब ४ करोड कायम भएको छ । २०८२ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.१ प्रतिशत रहेको छ ।

सञ्चिति पर्याप्तता सूचक

४६. आर्थिक वर्ष २०८१/८२ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १८.२ महिनाको वस्तु आयात र १५.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०८२ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमश: ४३.८ प्रतिशत, १२८.१ प्रतिशत र ३४.१ प्रतिशत रहेका छन् । २०८१ असार मसान्तमा उक्त अनुपातहरू क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका थिए ।

बाह्य लगानी स्थिति

४७. २०८२ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.२९२९ अर्ब ६९ करोड तथा दायित्व रु.२१४६ अर्ब ४३ करोड रहेको छ । फलस्वरूप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (Net International Investment Position) रु.७८३ अर्ब २६ करोडले बचतमा रहेको छ । २०८१ असार मसान्तमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति रु.३०५ अर्ब ८४ करोडले बचतमा रहेको थियो ।

कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

४८. अन्तर्राष्ट्रिय बजारमा २०८१ असार मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ८६.४२ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८२ असार मसान्तमा १९.३८ प्रतिशतले कमी आई अमेरिकी डलर ६९.६७ कायम भएको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८१ असार मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर २४२१.२५ रहेकोमा २०८२ असार मसान्तमा ३७.२८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३३२३.८० पुगेको छ ।

विनिमय दर

४९. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.६६ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ १.६४ प्रतिशतले अवमूल्यन भएको थियो । २०८२ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३७ पुगेको छ ।

सरकारी वित्त स्थिति

नेपाल सरकार

वित्त घाटा/बचत

५०. आर्थिक वर्ष २०८१/८२ मा बैंकिङ कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.४०४ अर्ब ४२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.३७९ अर्ब ३८ करोडले घाटामा रहेको थियो । आर्थिक वर्ष २०८१/८२ मा तीनै तहका सरकारको एकीकृत वित्त स्थिति भने रु.१३० अर्ब ७३ करोडले बचतमा रहेको छ ।

खर्च तथा राजस्व

५१. नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारको कुल खर्च रु.१५२३ अर्ब ११ करोड रहेको छ। यसमध्ये चालु खर्च रु.९८० अर्ब ३८ करोड, पुँजीगत खर्च रु.२२२ अर्ब ६८ करोड र वित्तीय व्यवस्था खर्च रु.३२० अर्ब ४ करोड रहेको छ।

५२. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.११७८ अर्ब ८२ करोड पुगेको छ। यसअन्तर्गत कर राजस्व रु.१०४९ अर्ब ८८ करोड र गैरकर राजस्व रु. १२८ अर्ब ९४ करोड परिचालन भएको छ।

ऋण परिचालन

५३. आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले रु.३२९ अर्ब ९९ करोड आन्तरिक ऋण परिचालन गरेको छ भने रु.२४३ अर्ब ९१ करोड साँवा भुक्तानी गरेको छ । यसर्थ, यस अवधिमा रु.८६ अर्ब ८ करोड खुद आन्तरिक ऋण परिचालन भएको छ। यो रकम कुल गार्हस्थ्य उत्पादनको १.४ प्रतिशत हुन आउदँछ। यस अवधिमा सरकारले रु.१२५ अर्ब ४० करोड बाह्य ऋण परिचालन गरेको छ।

तालिका ४: सरकारी ऋणको स्थिति

शीर्षक	रकम (रु.अर्बमा)			कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात		
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२
बाह्य ऋण	११७०.२५	१२५७.५९	१४०१.४२	२१.८०	२२.०३	२२.९५
आन्तरिक ऋण	११२९.१०	११८०.९०	१२६८.२२	२१.०४	२०.६८	२०.७७
कुल ऋण	२२९९.३५	२४३८.४९	२६६९.६५	४२.८४	४२.७१	४३.७१

५४. २०८२ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रु.२६६९ अर्ब ६५ करोड पुगेको छ। जसमध्ये, बाह्य ऋण रु.१४०१ अर्ब ४२ करोड र आन्तरिक ऋण रु.१२६८ अर्ब २२ करोड रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४३.७१ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो ऋण कुल गार्हस्थ्य उत्पादनको ४२.७१ प्रतिशत रहेको थियो (तालिका ४)।

नेपाल सरकारको नगद मौज्दात

५५. २०८२ असार मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा (अघिल्लो आर्थिक वर्षको मौज्दातसमेत गरी) रु.१३० अर्ब ७३ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ। २०८१ असार मसान्तमा यस्तो मौज्दात रु.९३ अर्ब ९६ करोड रहेको थियो।

प्रदेश सरकार

खर्च तथा राजस्व

५६. समीक्षा अवधिमा प्रदेश सरकारहरूको कुल खर्च रु.१९८ अर्ब ५७ करोड र स्रोत परिचालन रु.२०३ अर्ब ४२ करोड रहेको छ । प्रदेश सरकारहरूको कुल स्रोत परिचालनमा नेपाल सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१५२ अर्ब ९३ करोड र प्रदेश सरकारहरूले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व रु.५० अर्ब ४९ करोड रहेको छ।

मौद्रिक स्थिति

मुद्राप्रदाय

५७. आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १२.९ प्रतिशतले बढेको थियो ।

५८. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.५९४ अर्ब ५४ करोडले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रु.५०२ अर्ब ४९ करोडले बढेको थियो।

५९. समीक्षा वर्षमा सञ्चित मुद्रा १६.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्रा ७.७ प्रतिशतले बढेको थियो।

चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (असार)
(वार्षिक विन्दुगत)



कुल आन्तरिक कर्जा

६०. आर्थिक वर्ष २०८१/८२ मा मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जा ६.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा ६.१ प्रतिशतले बढेको थियो।

६१. समीक्षा वर्षमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी ३.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो दावी ३.८ प्रतिशतले बढेको थियो।

६२. समीक्षा वर्षमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ८.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो दावी ६.१ प्रतिशतले बढेको थियो।

निक्षेप परिचालन

६३. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १२.६ प्रतिशत (रु.८११ अर्ब ४९ करोड) ले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १३ प्रतिशत (रु.७४२ अर्ब ३७ करोड) ले बढेको थियो।

तालिका ५: बैंक तथा बित्तीय संस्थाहरूमा रहेको निक्षेपको अंश (प्रतिशतमा)

निक्षेप	असार मसान्त				
	२०७८	२०७९	२०८०	२०८१	२०८२
चल्ती	१०.४	८.९	७.७	५.८	७.१
बचत	३४.२	२७.६	२६.६	३०.३	३६.८
मुद्दती	४६.८	५५.७	५८.९	५६.४	४८.३
अन्य	८.६	७.८	६.८	७.५	७.८

६४. २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ७.१ प्रतिशत, ३६.८ प्रतिशत र ४८.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ५.८ प्रतिशत, ३०.३ प्रतिशत र ५६.४ प्रतिशत रहेको थियो।

६५. २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.१ प्रतिशत रहेको छ। २०८१ असार मसान्तमा यस्तो निक्षेपको अंश ३६.२ प्रतिशत रहेको थियो।

कर्जा प्रवाह

६६. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ८.४ प्रतिशत (रु.४२३ अर्ब ७३ करोड) ले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ५.८ प्रतिशत (रु.२७६ अर्ब ९४ करोड) ले बढेको थियो ।

चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (असार) (वार्षिक विन्दुगत)



६७. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२.८ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.३ प्रतिशत र ३६.७ प्रतिशत रहेको थियो ।

६८. समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ८.६ प्रतिशतले, विकास बैंकहरूको ६.१ प्रतिशतले र वित्त कम्पनीहरूको ८.४ प्रतिशतले बढेको छ ।

६९. २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये ६४.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.५ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०८१ असार मसान्तमा यो अनुपात क्रमशः ६६.५ प्रतिशत र १३.२ प्रतिशत रहेको थियो ।

७०. आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाहरूको औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ७.९ प्रतिशतले, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.५ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ३.४ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा १२.८ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा ०.२ प्रतिशतले घटेको छ ।

७१. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित आवधिक कर्जा ७.१ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ५.९ प्रतिशतले, मार्जिन प्रकृति कर्जा ५६.२ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ५१.१ प्रतिशतले, हायर पर्चेज कर्जा ३.७ प्रतिशतले र डिमान्ड तथा चालु पुँजी कर्जा १३.२ प्रतिशतले बढेको छ भने ओभरड्राफ्ट कर्जा १०.४ प्रतिशतले घटेको छ ।

तरलता व्यवस्थापन

७२. आर्थिक वर्ष २०८१/८२ मा स्थायी निक्षेप सुविधामार्फत रु.२१५०८ अर्ब ४० करोड र निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.३१४२ अर्ब ९५ करोड गरी कुल रु.२४६५१ अर्ब ३५ करोड तरलता प्रशोचन गरिएको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले पटक पटक गरी ओभरनाइट तरलता सुविधामार्फत रु.२ अर्ब ७० करोड तरलता उपयोग गरेका छन् । फलस्वरूप, समीक्षा वर्षमा खुद रु.२४६४८ अर्ब ६५ करोड तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षमा खुला बजार कारोबार र स्थायी तरलता सुविधालगायतका विभिन्न उपकरणमार्फत खुद रु.३८६८ अर्ब ८४ करोड तरलता प्रशोचन गरिएको थियो*।

७३. समीक्षा वर्षमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ५ अर्ब ८३ करोड खुद खरिद गरी रु.७८७ अर्ब तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ५ अर्ब ८९ करोड खुद खरिद गरी रु.७८३ अर्ब ४७ करोड तरलता प्रवाह गरिएको थियो ।

* कारोबारमा आधारित

७४. समीक्षा वर्षमा अमेरिकी डलर ४ अर्ब १६ करोड बिक्री गरी रु.५६७ अर्ब ६१ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर ४ अर्ब २ करोड बिक्री गरी रु.५३५ अर्ब ७ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो ।

सहुलियतपूर्ण कर्जा

७५. नेपाल सरकारको ब्याज अनुदानमा बैंक तथा वित्तीय संस्थामार्फत प्रवाह भएको सहुलियतपूर्ण कर्जा २०८२ असार मसान्तमा कुल ९४ हजार ९२० ऋणीलाई प्रवाह भएको रु.७८ अर्ब ६६ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जाअन्तर्गत ३५ हजार ८६१ ऋणीलाई प्रवाह भएको रु.५७ अर्ब ५५ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जाअन्तर्गत ५७ हजार ६३६ महिला उद्यमीलाई प्रवाह भएको रु.२० अर्ब ९ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत १ हजार ४२३ ऋणीको रु.१ अर्ब २ करोड कर्जा बक्यौता रहेको छ ।

अन्तर-बैंक कारोबार

७६. आर्थिक वर्ष २०८१/८२ मा वाणिज्य बैंकहरूबीच रु.१५७१ अर्ब ८६ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) बीच रु.१५१ अर्ब ७३ करोड गरी कुल रु.१७२३ अर्ब ५९ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूबीच रु.३८६३ अर्ब ४८ करोड र अन्य वित्तीय संस्थाहरूबीच रु.३६३ अर्ब गरी कुल रु.४२२६ अर्ब ४८ करोडको अन्तर बैंक कारोबार भएको थियो ।

ब्याजदर

७७. २०८१ असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ३.०० प्रतिशत रहेकोमा २०८२ असारमा २.९५ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०८१ असारमा २.९९ प्रतिशत रहेकोमा २०८२ असारमा २.९६ प्रतिशत रहेको छ (तालिका ५)।

तालिका ६ : भारित औसत ब्याजदर (प्रतिशत)

शीर्षक	२०८० असार	२०८१ असार	२०८२ असार
९१-दिने ट्रेजरी बिल	६.३५	३.००	२.९५
औसत अन्तर बैंक दर	३.१४	२.९९	२.९६
औसत आधार दर			
वाणिज्य बैंक	१०.०३	८.००	६.०२
विकास बैंक	१२.१५	९.७१	८.०३
वित्त कम्पनी	१३.४१	११.२१	८.९७
निक्षेपको ब्याजदर			
वाणिज्य बैंक	७.८६	५.७७	४.१९
विकास बैंक	९.१४	६.६३	४.८८
वित्त कम्पनी	९.७९	७.९३	६.०१
कर्जाको ब्याजदर			
वाणिज्य बैंक	१२.३०	९.९३	७.८५
विकास बैंक	१४.१०	११.३४	८.९५
वित्त कम्पनी	१४.८२	१२.५५	१०.२२

७८. २०८१ असारमा वाणिज्य बैंकहरूको औसत आधार दर ८.०० प्रतिशत, विकास बैंकहरूको ९.७१ प्रतिशत र वित्त कम्पनीहरूको ११.२१ प्रतिशत रहेकोमा २०८२ असारमा औसत आधार दर क्रमश: ६.०२ प्रतिशत, ८.०३ प्रतिशत र ८.९७ प्रतिशत कायम भएको छ ।

७९. २०८१ असारमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ५.७७ प्रतिशत, विकास बैंकहरूको ६.६३ प्रतिशत र वित्त कम्पनीहरूको ७.९३ प्रतिशत रहेकोमा २०८२ असारमा निक्षेपको भारित औसत ब्याजदर क्रमश: ४.१९ प्रतिशत, ४.८८ प्रतिशत र ६.०१ प्रतिशत कायम भएको छ ।

८०. २०८१ असारमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ९.९३ प्रतिशत, विकास बैंकहरूको ११.३४ प्रतिशत र वित्त कम्पनीहरूको १२.५५ प्रतिशत रहेकोमा २०८२ असारमा कर्जाको भारित औसत ब्याजदर क्रमश: ७.८५ प्रतिशत, ८.९५ प्रतिशत र १०.२२ प्रतिशत कायम भएको छ ।

वित्तीय पहुँच

८१. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या २०८२ असार मसान्तमा १०७ रहेको छ । यसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरूको शाखा सङ्ख्या २०८१ असार मसान्तमा ११,५३० रहेकोमा २०८२ असार मसान्तमा ११,५२६ कायम भएको छ (तालिका ७) । २०८१ असार मसान्तमा प्रतिशाखा जनसङ्ख्या २५२९ रहेकोमा २०८२ असार मसान्तमा २५३० कायम भएको छ ।

तालिका ७ : बैंक तथा वित्तीय संस्थाको सङ्ख्या तथा शाखा सङ्ख्या*						
बैंक तथा वित्तीय संस्था	बैंक तथा वित्तीय संस्थाको सङ्ख्या			बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या		
	२०८० असार मसान्त	२०८१ असार मसान्त	२०८२ असार मसान्त	२०८० असार मसान्त	२०८१ असार मसान्त	२०८२ असार मसान्त
वाणिज्य बैंक	२०	२०	२०	५०४९	५०५६	५०९९
विकास बैंक	१७	१७	१७	११२८	११३५	११३२
वित्त कम्पनी	१७	१७	१७	२८४	२८८	२९१
लघुवित्त वित्तीय संस्था	५७	५२	५२	५१२८	५०५१	५००४
पूर्वाधार विकास बैंक	१	१	१	–	–	–
जम्मा	**११२**	**१०७**	**१०७**	**११५८९**	**११५३०**	**११५२६**

*यस सम्बन्धी विस्तृत विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

निक्षेप तथा कर्जा सुरक्षण

८२. निक्षेप तथा कर्जा सुरक्षण कोषबाट २०८२ असार मसान्तमा ५५ बैंक तथा वित्तीय संस्थाहरूमा प्राकृतिक व्यक्तिका ५ करोड ७१ लाख ३६ हजार चल्ती, कल, बचत तथा मुद्दती निक्षेप खातामा रहेको रु.१५७९ अर्ब ५ करोड निक्षेप सुरक्षण भएको छ। २०८१ असार मसान्तमा प्राकृतिक व्यक्तिका नाममा रहेको ४ करोड ५७ लाख ९५ हजार खातामा रु.१४३० अर्ब ४६ करोड निक्षेप सुरक्षण गरिएको थियो ।

८३. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको रु.३२७ अर्ब ४२ करोड बराबरको लघु तथा विपन्न वर्ग कर्जा, साना तथा मझौला उद्योग कर्जा र कृषि कर्जा (नेपाल सरकारको ब्याज अनुदानमा प्रवाह भएको सहुलियतपूर्ण कर्जासमेत) सुरक्षण गरेको छ । २०८१ असार मसान्तमा रु.२९६ अर्ब ४५ करोड बराबरको यस्तो कर्जा सुरक्षण गरिएको थियो ।

पुँजी बजार

८४. २०८१ असार मसान्तमा २२४०.४१ रहेको नेप्से सूचकाङ्क २०८२ असार मसान्तमा २७९४.७९ कायम भएको छ ।



चार्ट ६: नेप्से सूचकाङ्क

८५. २०८२ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४६५६ अर्ब ९९ करोड कायम भएको छ। २०८१ असार मसान्तमा बजार पुँजीकरण रु.३५५३ अर्ब ६८ करोड रहेको थियो। २०८१ असार मसान्तमा बजार पुँजीकरण कुल गार्हस्थ्य उत्पादनको ६२.२५ प्रतिशत रहेकोमा २०८२ असार मसान्तमा ७६.२५ प्रतिशत रहेको छ ।

८६. २०८२ असार मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २७२ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये १३२ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ९१ जलविद्युत् कम्पनी, २३ उत्पादन तथा प्रशोधन उद्योग, ७ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ८ अन्य समूहका रहेका छन् । २०८१ असारमा सूचीकृत कम्पनीहरूको सङ्ख्या २७० रहेको थियो ।

८७. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५४.१ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १५.३ प्रतिशत, लगानी कम्पनीको हिस्सा ७.७ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ५.४ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ५.० प्रतिशत, होटेलको हिस्सा २.७ प्रतिशत तथा अन्य समूहका कम्पनीहरूको हिस्सा ९.८ प्रतिशत रहेको छ ।

८८. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८२ असार मसान्तमा सूचीकृत ८ अर्ब ८२ करोड सेयरको चुक्ता मूल्य रु.८६९ अर्ब ८६ करोड रहेको छ ।

८९. आर्थिक वर्ष २०८१/८२ मा रु.४० अर्ब २१ करोड बराबरको साधारण सेयर, रु.२४ अर्ब ४२ करोड बराबरको बोनस सेयर, रु.१३ अर्ब २३ करोड बराबरको हकप्रद सेयर, रु.१ अर्ब २५ करोड बराबरको म्युचुअल फण्ड, रु.११ करोड २० लाख बराबरको एफपीओ र रु.३ अर्ब ९६ करोड बराबरको अन्य सेयर गरी कुल रु.८३ अर्ब १९ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

९०. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.१५ अर्ब ४१ करोड बराबरको हकप्रद सेयर, रु.१५ अर्ब २० करोड बराबरको म्युचुअल फण्ड, रु.१० अर्ब ६२ करोड बराबरको डिबेन्चर र रु.३ अर्ब ९३ करोड बराबरको साधारण सेयर गरी कुल रु.४५ अर्ब १६ करोड बराबरको धितोपत्र सार्वजनिक निष्कासनका लागि अनुमति दिएको छ ।